चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०२/२५
बैठक संख्या : एघारौं (२०८१/०८२)

आज मिति २०८२ साल जेठ २५ गते आइतबारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष, प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री बशन्त रिजाल | लेखा अधिकृत | |
| २० | श्री शुक्रराज पौडेल | राजस्व शाखा प्रमुख | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०२/२५
बैठक संख्या : एघारौं (२०८१/०८२)

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा।

२. शिक्षक व्यवस्थापन सम्बन्धमा।

३. आपतकालिन कार्यसंचालन केन्द्र स्थापना सम्बन्धमा।

४. आर्थिक बर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा।

५. विविध।

क. बातावरण निरिक्षक तोक्ने सम्बन्धमा।

ख. विद्यालयको भाडा भुक्तानी सम्बन्धमा।

ग. योजना समयमै कार्यान्वयन नगर्ने निर्माण व्यवसायी उपर कारवाही प्रकृया अगाडि बढाउने सम्बन्धमा।

घ. मजुवा सामुदायिक विद्युतको साधारणसभा सम्बन्धमा।

ङ. गर्भवती महिलाहरुको स्वास्थ्य संस्थामा प्रेषण गर्दाको रकम भुक्तानी सम्बन्धमा।

च. बालश्रम मुक्त पालिका घोषणा सम्बन्धमा।

छ. कक्षाथप सम्बन्धमा।

ज. रकम संशोधन सम्बन्धमा।

**निर्णयहरु :**

१. प्रस्ताव नं.१ उपर छलफल गर्दा यस कार्यपालिकाको अघिल्लो बैठक पश्चात भएका विभिन्न गतिविधिहरुवारे समिक्षा गरियो। साथै यस अघि गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुलाई क्रमशः कार्यन्वयन गर्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरु संचालन गर्ने।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ६ अर्जेवामा अवस्थित झरना आधारभूत विद्यालयमा हाल कक्षा बाल विकास कक्षादेखि कक्षा ३ सम्म कक्षा सञ्चालनको अनुमति प्राप्त गरी पठनपाठन भइरहेकोमा शैक्षिक सत्र २०८२ मा कक्षा १-३ सम्म कुनैपनि विद्यार्थी भर्ना नभई कक्षा रिक्त रहेको जानकारी विद्यालयबाट लिखित रुपमा प्राप्त भएको साथै आगामी दिनमा समेत ती कक्षामा प्रयाप्त विद्यार्थी सङ्ख्या भर्ना हुन नसक्ने अवस्था देखिएकोले हाललाई अर्को व्यवस्था नहुँदासम्मका लागि कक्षा १-३ का कक्षा घटाई बालविकास कक्षा मात्र राख्ने साथै विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकलाई हाललाई श्री हरेवा आधारभूत विद्यालय चन्द्रकोट-६ हरेवामा काज सरुवा गर्ने। त्यस्तैगरी वडा नं. २ मा अवस्थित कालिका आधारभूत विद्यालयमा बालविकासको दरवन्दी रिक्त रहेको तथा वडा नं. २ कै सरस्वती माध्यमिक विद्यालयको बालविकासमा २ वटा दरवन्दी रहेको, नियमानुसार एउटा विद्यालयमा एक वालविकास सहजकर्ताको दरवन्दी हुने व्यवस्था रहेको, बालकक्षामा विद्यार्थी संख्या न्यून हुँदै समेत गएको लगायतका कारणले उक्त विद्यालयमा रहेका दुई बालविकास दरवन्दीमध्ये एउटा दरवन्दी कट्टा

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत